राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– २८, फागुन ६ गते शुक्रबार, २०७८ (18 Feb., 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# २७औं जनयुद्ध दिवस : सबैखाले षड्यन्त्रलाई परास्त गर्न अपिल

## प्रतिशोधको भावना बोकेकाहरुबाट आफ्ना नेता-कार्यकर्ताको तेजोबध भइरहेको प्रचण्डको विश्लेषण

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** पार्टीको केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित विविध कार्यक्रमबीच नेकपा (माओवादी केन्द्र) ले २७औं 'जनयुद्ध दिवस' मनाएको छ। माओवादीले २०५२ को फागुन १ गते सशस्त्र संघर्ष घोषणा गरेको दिनको स्मरणमा जनयुद्ध दिवस मनाएको हो।

मधेश प्रदेश सरकारले आजै प्रदेश राजधानी जनकपुरमा विशेष कार्यक्रमको आयोजना गरी फागुन १ गते जनयुद्ध दिवस मनाइएको छ। माओवादीले पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा एक कार्यक्रम आयोजना गरी २०५२ साल फागुन १ गते सशस्त्र संघर्ष घोषणा गरेको दिनको स्मरण गर्दै २७औं जनयुद्ध दिवसको आयोजना गऱ्यो।




माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सम्बोधन गर्दै जनयुद्ध र जनआन्दोलनले नयाँ एकता पैदा गरेकै कारणले नयाँ संविधान जारी हुन सफल भएको र एवं नयाँ राष्ट्रिय एकता कायम गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको बताए। कार्यक्रमबीच अध्यक्ष दाहालले प्रदेश सरकार र सङ्घीय सरकारसहित सम्पूर्ण देशले जनयुद्ध दिवस मनाउन आग्रह गरेका थिए। सुरुदेखि नै नयाँ राजनीतिक परिवर्तन र एकतालाई मन नपराएका केही समूह र व्यक्तिको प्रतिशोधको बाछिटा अहिलेसम्मै पनि देखिरहेको अध्यक्ष दाहालको भनाइ थियो। उनीहरू अहिले पनि माओवादीका नेता, कार्यकर्ताको तेजोबोध गर्नमै दिनरात नभनी लागिरहेको अध्यक्ष दाहालले स्पष्ट पारे।

जनयुद्धबाट प्राप्त परिवर्तनलाई कसरी कमजोर पार्न सकिन्छ भन्ने कसरत गरिरहेका उनीहरू स्वाधीनता र राष्ट्रियताको आन्दोलनलाई कमजोर पार्ने प्रयास भइरहेको चर्चा गर्दै अध्यक्ष दाहालले प्राप्त अधिकार र राष्ट्रिय स्वाधीनताका पक्षमा थप सङ्कल्प गर्नुपर्ने आवश्यकतातर्फ औंल्याए।

नयाँ ऊर्जासहित नयाँ एकता कायम गरेर अगाडि

क्रमशः अन्तिम पृष्ठमा

# चोलेन्द्रलाई महाभियोग, कार्की कामु प्रधानन्यायाधीश





काठमाडौं। संघीय संसद सचिवालयमा प्रधानन्यायाधीश चोलेन्द्रसम्शेर जबराविरूद्ध महाभियोगको प्रस्ताव दर्ता भएपछि वरिष्ठतम न्यायाधीश दीपककुमार कार्की कामु प्रधानन्यायाधीश बनेका छन्। सिंहदरबारस्थित सचिवालयमा सत्तासाझेदार दलका सांसदहरूले सो प्रस्ताव दर्ता भएपछि कार्की स्वतः कायममुकायम प्रधानन्यायाधीश बनेका हुन्।

नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक देवप्रसाद गुरुङ, नेपाली कांग्रेसका डा पुष्पा भुसाल महाभियोग प्रस्तावको प्रस्तावकका र नेकपा (एकीकृत समाजवादी) का जीवनराम श्रेष्ठ, समर्थकमा नेपाली कांग्रेसका डा मीनेन्द्र रिजालसहित ९५ सांसद रहेका छन्। प्रमुख सचेतक देवप्रसाद गुरुङले न्यायालयको नेतृत्वले निष्पक्ष रूपमा न्याय निरूपण गर्न नसकेकाले महाअभियोग प्रस्ताव दर्ता गर्नुपरेको बताएका छन्। साढे तीन महिनादेखि न्यायालयमा स्वतन्त्र न्यायालयमा गत्यावरोध भएको तथा संविधान र लोकतान्त्रिक

क्रमशः अन्तिम पृष्ठमा

# 'घरघरमा सिंहदरबार', जेसुकैमा केन्द्रतिरै नजर



**समय-सन्देश**
**केदारनाथ गौतम**

वि.सं. २०७२ मा 'नयाँ' संविधान जारी भएसँगै 'नयाँ नेपाल' बनेको र सो संविधानको कार्यान्वयन भएर स्थानीय, प्रादेशिक एवम् सङ्घीय निर्वाचन भएसँगै 'घरघरमा सिंहदरबार' पुऱ्याइएको भन्दै चर्चा चलाइयो। अब विकास निर्माणको लहर चल्ने अनि सुशासन, सुव्यवस्था तथा शान्ति, प्रगति र समृद्धिको युग सुरु हुने भन्दै हङ्गामा मच्चाइयो।

यसअघि 'स्थानीय निकाय' भनिने जनप्रतिनिधिमूलक तल्ला तहहरूलाई 'नयाँ संविधान' को कार्यान्वयनसँगै 'स्थानीय तह' भन्न थालियो। नगर/महानगरका नामको पछाडि 'पालिका' छँदै थिए; अब गाउँका नामको पछाडिको 'विकास समिति' हटाएर तिनमा समेत 'पालिका' कै फुर्का जोडिए। 'पञ्चायत', 'विकास समिति' हुँदै 'पालिका' मा रूपान्तरित भएका यी निकायहरूले समेत 'सरकार' को उपाधि/सम्मान पाए। अर्थात्, अब त 'स्थानीय निकाय' समेत 'स्थानीय सरकार' मै 'प्रमोसन' भए!

यसअघिका 'केन्द्रीय सरकार', पाँच 'विकास क्षेत्र', चौध 'अञ्चल' र पचहत्तर 'जिल्ला' को सट्टामा अब 'सङ्घीय सरकार', 'प्रदेश सरकार' र 'स्थानीय सरकार' बहाल भए। अर्थात्, जताततै 'सरकारै सरकार' अस्तित्त्वमा आए। सर्वसाधारण नागरिकले जता फर्किए पनि 'सरकार' सँगै कुम ठोक्काउने 'अवसर' पाए। यतिबेला नेपालमा ६ महानगरपालिका (काठमाडौं, ललितपुर, भरतपुर, पोखरा लेखनाथ, वीरगञ्ज र विराटनगर) सहित ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी कूल ७५३ वटा स्थानीय तह छन्। यी 'तह' भित्र 'साइज' अनुसार विभिन्न सङ्ख्याका वडाहरू छन् र नेपालमा यतिबेला जम्मा ६,७४३ वटा वडा छन्। 'स्थानीय सरकार'

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- २८, फागुन ६ गते शुक्रबार, २०७८

## सम्पादकीय

# जनयुद्ध दिवस : लक्ष्य र निष्ठाको सवाल

१ फागुन, २०५२ नेपाली राजनीतिक इतिहासको सर्वाधिक गौरवमय दिन थियो। त्यसै दिनदेखि नेपालका शोषित-पीडित जनताले आफ्नै राज्यसत्ताको स्थापना गरी आफ्ना हक-अधिकारको बहालीका निम्ति हतियारबद्ध जीवन-मरणको सङ्घर्षमा पाइला चाले। र, अन्ततः अढाइसय वर्ष लामो केन्द्रीकृत सामन्ती राज्यसत्ताको मुख्य प्रतिनिधि राजतन्त्रलाई विस्थापित गरे।

यद्यपि दस वर्षसम्म चलेको दीर्घकालीन सशस्त्र जनयुद्ध अर्थात् महान् नेपाली जनयुद्धको लक्ष्य राजतन्त्रको अन्त्य मात्रै थिएन। नेपाली जनता र नेपाल राष्ट्रका मुख्य दुस्मन अर्थात् दुई पहाड-सामन्तवाद र साम्राज्यवादी हैकमको अन्त्य गरी नयाँ जनवादी राज्यसत्ताको स्थापना गर्नु र समाजवाद हुँदै विश्व साम्यवादी यात्रातर्फ अघि बढ्नु जनयुद्धका मुख्य लक्ष्य-उद्देश्य थिए। ती उद्देश्य अझै पूरा हुन सकेका छैनन्। यद्यपि राज्यसत्ताको उपल्लो तहसम्म समानुपातिक-समावेशिता, राज्यको सङ्घीय पुनर्संरचना र गणतन्त्रको स्थापना र संस्थागत गर्ने कार्य भने जनयुद्धका ठूलै उपलब्धि हुन्।

अहिले भने जनयुद्धलाई नै विकृतीकरण गर्ने, भ्रष्टीकरण गर्ने र व्यक्तिविशेष तथा समूहविशेषका क्षुद्र स्वार्थसिद्धिका निम्ति भजाउने अर्थात् 'मागीखाने भाँडो' बनाउने काम भइरहेको छ। जनयुद्धका बाँकी कार्यभार पूरा गरेर समाजवादको स्थापनातर्फ अघि बढ्ने प्रमुख कार्यलाई ओझेलमा पारिएको छ। यसतर्फ निष्ठावान् हुन सक्नुमा मात्र जनयुद्ध दिवस मनाउनुको सार्थकता रहन्छ।

# जनयुद्धमा हात गुम्यो तर विश्वास गुमेन

◆ सन्तोष शर्मा

*झापा कनकाई नगरपालिका-७ दुर्गापुरकी सुशीला कन्दङ्वा (वर्षा) जनयुद्धकी घाइते योद्धा हुनुहुन्छ। किताब, कलम र कापी च्यापेर विद्यालय जानुपर्ने बेला उहाँले आफ्नो नभई सबै नेपालीको सुनौलो बिहानीका लागि क्रान्ति तय गर्नुभयो।*

*विसं २०३८ माघ १० गते तेह्रथुम आठराई-५ छातेढुङ्गा (तत्कालीन छातेढुंगा गाविस-६)मा आमा धनमाया लिम्बू र बुवा जयबहादुर लिम्बूकी माइली छोरीका रूपमा सुशीलाको जन्म भएको हो। बुबा जयबहादुर भारतीय सेना हुनुहुन्छ। उहाँ सानैदेखि हक्की र निडर स्वाभावकी हुनुहुन्थ्यो। थिचोमिचो नसहने र नगर्न दिने क्रान्तिकारी स्वभाव उहाँको विशेषता नै हो। त्यसमा पनि तेह्रथुमको आठराई कम्युनिष्टहरूको जग भएको ठाउँ। 'गाउँमा साना-ठूला कार्यक्रम भइरहन्थे', सुशीलाले विगत सम्झिनुभयो- 'आठराईमा कम्युनिस्टहरूको प्रभाव धेरै थियो, कम्युनिस्टका गतिविधि धेरै हुन्थ्ये त्यतिबेला।'*

*आठ वर्षको हुँदा विसं २०४६ को आन्दोलन सफल भएपछि र्‍यालीमा सहभागी भएको उहाँको स्मरण ताजै छ। 'मलाई दाजु-दिदीहरूले र्‍यालीमा लानुभएको थियो', आठ वर्षको हुँदाको बाल्यकालीन अतीत सम्झँदै उहाँले भन्नुभयो- 'त्यतिबेला एक घण्टाको बाटो सकिनसकी हिँडेकी थिएँ, त्यसपछि हरेक गतिविधिमा सहभागी भएर अनेरास्ववियुमा संलग्न हुँदै राजनीतिक जीवन अघि बढाएँ।'*

*सुशीलाका बुवा कट्टर कम्युनिष्ट हुनुहुन्थ्यो। पारिवारिक पृष्ठभूमि कम्युनिष्ट भएकाले पनि उहाँलाई कम्युनिष्ट आन्दोलनमा लाग्न प्रेरणा मिल्यो। सानै भए पनि कम्युनिष्ट राजनीति बुझेकाले उहाँको मन त्यता तानियो। पत्रपत्रिका पढ्न रुचि राख्ने सुशीलाले विद्यालयको पुस्तकालमा 'नारी बन्धन र मुक्ति' भन्ने पुस्तक पढ्नुभयो। त्यसपछि उहाँलाई राजनीतिक क्रान्तिमा होमिन थप हौसला मिल्यो।*

*'हाम्रो परिवारमा महिलालाई त्यस्तो छेकबार थिएन, प्रायः जनजातिमा महिलालाई त्यस्तो बन्धनमा राखिँदैन', उहाँले भन्नुभयो- 'तर, हाम्रो समाज त्यस्तो थिएन, धेरै महिला दिदीबहिनी शोषण र दमनमा पर्नुभएको थियो, महिला मुक्तिका लागि पनि म विद्रोहमा सहमाहित भएकी हुँ।'*

*माओवादी धनीलाई लुट्ने, ठग्ने, मार्ने, महिला केटाकेटीलाई देख्नेबित्तिकै लाने पार्टी हो भनेर उहाँले सुन्नुभएको थियो। दाजु र दिदीसँग बुझ्दै जाँदा गरिबको पार्टी भन्ने थाहा पाएपछि माओवादीमा लाग्न प्रेरणा मिलेको उहाँको भनाइ छ। 'दाजु-दिदी पार्टीको सम्पर्कमा आइसक्नुभएको रहेछ', उहाँले भन्नुभयो- 'त्यसपछि उहाँहरूबाटै सबै कुरा बुझियो।'*

*महिलाको साँघुरो घेरा हटाउन, नारी मुक्ति र गरिब धनीको विभेदको खाडल अन्त्य गर्न मूल जरो नै राज्यसत्ता परिवर्तन नगरी नहुने बुझेपछि १७ वर्षको किशोरावस्थामै उहाँ तत्कालीन नेकपा (माओवादी)को पूर्णकालीन सदस्य बन्नुभयो। विसं २०५६ मा माओवादी आवद्ध उहाँ विसं २०५७ जेठदेखि हतियारबद्ध भएर हिँड्ने थाल्नुभएको हो। युद्धमा होमिँदा उहाँ कक्षा ९ मा पढ्दै हुनुहुन्थ्यो। विसं २०६२/६३ को खुला राजनीतिक परिवेशपछि मात्र उहाँले एसएलसी पास गर्नुभएको हो। विसं २०५८ मा युद्धविराम भएपछि उहाँ पार्टीको तेह्रथुम जिल्ला कमिटी सदस्य बन्नुभयो।*

*हात गुम्दाको क्षण उहाँकै शब्दमा, 'फौजी कारबाही गोपेटार हान्ने कुरा थियो, युद्ध मोर्चामा सहभागी भएर भिडेर आएका नौजना घाइतेलाई हाम्रो जिल्ला पार्टीलाई जिम्मा लगायो, बाटोमा उपचार गर्दै लैजाँदा मुभ गर्ने बेलामा मङ्सिर १४ गते सेनाले चौतर्फी घेरा हालेर आक्रमण गर्‍यो, घाइते भएका नौमध्ये एक जना रोशनसहित सबै बित्नुभयो, हामी बसेको सेल्टरमा जम्मा ३१ जना थियौं। घाइतेसहित १७ जना बित्नुभयो, म घाइते भएँ, दुवै हात र एउटा खुट्टामा गोली लाग्यो, देब्रे हात छियाछिया भयो, त्यहाँबाट भागेर ओढारमा गएर लुकियो, हातमा नशा थियो तर उम्किने अवस्था थिएन, चारैतिरबाट सेनाले घेरा हालेको थियो।'*

*त्यतिबेला अस्पताल पनि जानसक्ने अवस्था नरहेको उहाँ सुनाउनुहुन्छ- 'त्यहाँबाट उपचारका लागि पाँचथर पुर्‍याइयो, पाँच-छ दिन भइसकेकाले हात कुहिसकेको थियो, हड्डी पूरै फुटेको थियो, तर नशाचाहिँ थियो, पाँचथरमा प्राथमिक उपचारपछि बल्ल तीन महिनामा सुनसरीको धरानमा आएर शल्यक्रिया गरियो, त्यसपछि छ महिना जति आराम गरियो।'*

*सेनाको गोली लागेर घाइते हुँदा पानी पनि खान नपाएको त्यो समय उहाँको जीनवको सबैभन्दा कठिन समय थियो। 'भोक-प्यास र शारीरिक पीडा! सोच्दा पनि आङ सिरिङ हुन्छ' उहाँले भन्नुभयो- 'यो मेरो युद्धकालीन समयको सबैभन्दा पीडादायी समय थियो।' आफूले कष्ट सहे पनि आज नेपाली जनताले गणतन्त्र पाएकामा उहाँलाई खुसी लागेको छ। 'अहिले सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा विभिन्न लिङ्ग, क्षेत्र, समुदायमा पहुँच स्थापित हुँदै गएकामा खुसी लागेको छ' उहाँले भन्नुभयो- 'सङ्घर्ष सफल भएको आभाष भएको छ।'*

*विसं २०६४ मा संविधानसभा सदस्य बनेकी उहाँको पहिलो मुद्दा नै महिला समानता थियो। एउटा हात गुमाए पनि संविधान लेख्न सफल हुनुभयो उहाँ।*
*संविधानमा उहाँको माग ५०-५० प्रतिशत हो, तर ३३ प्रतिशत मात्र भए पनि महिला सहभागिता सुनिश्चित भयो, सबै जातजातिले समान अधिकार स्थापित भयो। त्यसलाई उहाँ महान् जनयुद्ध सफलता ठान्नुहुन्छ। (रासस)*

# घरघरमा...

को परिभाषाभित्र यी सबै तह/निकाय पर्दछन्। र, यी सबै संरचनाहरू परम्परागत 'स्थानीय निकाय' भन्दा आधारभूतरूपमै भिन्न छन् किनकि ती सबैले व्यवस्थापकीय, कार्यपालिकीय र न्यायपालिकीय समेत गरी राज्यसंयन्त्र अर्थात् 'सत्ता' का सबै अधिकार पाएका छन्।

स्थानीय तहभन्दा 'माथिल्लो' र केन्द्रीय सत्ताभन्दा 'तल्लो' तहका रूपमा फेरि 'प्रादेशिक संरचना' छँदै छ। देशमा राष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधिसभा, सभामुख-उपसभामुख र केन्द्रीय (सङ्घीय) सरकार भएजस्तै प्रदेशमा पनि प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेशसभा, सभामुख-उपसभामुख र प्रदेश सरकार बहाल छन्। यसरी स्थानीय, प्रादेशिक र सङ्घीय गरी तीन तहका सरकार नेपाली जनताबाट 'चुनिएर' राष्ट्र तथा जनताको 'सेवा' मा क्रियाशील छन्।

संवैधानिक, कानुनी एवम् संरचनागत हिसाबले 'तीन तहका सरकार' अस्तित्त्वमा रहे तापनि जनअधिकार, जनसेवा र विकास निर्माण एवम् उन्नति-प्रगतिको अनुभूति भने कसैले पनि गर्न सकेको देखिँदैन। एकै कार्यकालमा कयौं पटक प्रदेश प्रमुखको परिवर्तन, सातमध्ये छ वटा प्रदेशमा पटक-पटक मुख्यमन्त्रीको परिवर्तन, प्रदेश सरकारका मन्त्रीहरूको अपत्यारिलो सङ्ख्या र पटक-पटक भएका हेरफेरजस्ता 'लोकतान्त्रिक अभ्यास' ले याथर्थतः सङ्घीय प्रणालीकै हुर्मत लिइरहेको अनुभूति गरिँदै छ। वडा-पालिकादेखि प्रदेश हुँदै सङ्घसम्मका यति धेरै संरचनाहरू जनसेवार र विकासका लागि भन्दा पनि दलका नेता-कार्यकर्तालाई 'अवसर' या 'रोजगारी' दिलाउने तथा 'व्यवस्थापन गर्ने' साधनका रूपमा दुरूपयोग मात्र त भइरहेका छैनन् भन्ने प्रश्न नागरिकको मनमा खरो हिसाबले उब्जिइसकेको छ।

अझ विडम्बनापूर्ण कुरा त के छ भने तलदेखि माथिसम्म जताततै 'सरकारै सरकार' भए तापनि भूकम्प, रोगब्याधि/महामारी, बाढीपहिरो, झैझगडा/मुद्धामामिलालगायतका सबैजसो सानादेखि ठूलासम्मका मामिलाहरूमा जनताले खासै सहयोग, सुविधा र राहत त पाउँदैनन् नै, तिनको औपचारिक 'ह्याण्डल' गर्न समेत स्थानीय तथा प्रादेशिक 'सरकारहरू' स्वयम्ले नै केन्द्रकै मुख ताक्नुपरेको स्थिति छ। एकातिर संविधानद्वारा निर्धारित तीन तहका सरकारबीच स्रोत-साधन र अधिकारको बाँडफाँटसम्बन्धी मामिला व्यावहारिकरूपले व्यवस्थित भइनसक्नु र अर्कातिर 'अराजनीतिक व्यक्ति-जमातहरूको राजनीतिमा हालीमुहाली', चरम राजनीतिक किचलो, गुटबन्दी र तानातानका कारण यो स्थिति सिर्जना भइरहेको बुझ्न जो-कसैलाई पनि कुनै कठिनाइ पर्दैन। त्यहाँमाथि पनि प्रणालीजन्य खोटहरूले उब्जाएका संवैधानिक एवम् कानुनी तथा राजनीतिक सीमा, कमी र कमजोरी आफ्ना ठाउँमा छँदै छन्।

तीनै तहका सरकारहरू गठन भएर पूर्णरूपले क्रियाशील रहेकै बेला दुई वर्षभन्दा लामो अवधिसम्म कोरोनाभाइरस महामारीले सिर्जना गरेका समस्या, चुनौती र अवसरहरूले तीनै 'तह' का अधिकार, औकात र क्षमतालाई राम्रैसँग उजागर गरिदियो। राष्ट्रका सबै तह-तप्काको परीक्षा नै लिनेगरी देखापरेका यी समस्याको सम्बोधन, समाधान र सञ्चालन गर्ने सन्दर्भमा प्रायः स्थानीय तथा प्रादेशिक 'सरकार' हरू निरीह, अकर्मण्य र असफल देखिए। यस्तो बेला समेत 'केन्द्रीय सरकार' ले 'तल्ला सरकारहरू', जनता र राष्ट्रप्रति देखाएको पुरानै शैली र व्यवहार समेतबाट पाठ सिकेर चौतर्फी सुधार, परिमार्जन र परिष्कार गर्दै अगाडि नबढ्ने हो भने आगामी दिनहरू पनि उज्याला र आशलाग्दा त कसरी होलान् र! *(होलिस्टिकबाट)*

# अखिल नेपाल किसान महासंघद्वारा एमसीसीका प्रावधानप्रति घोर आपत्ति व्यक्त

**काठमाडौं।** अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)ले मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (एमसीसी)को विरोध गरेको छ। संसदबाट जबर्जस्ती अनुमोदन गर्न लागिएको एमसीसीबारे आफूहरुको गम्भीर ध्यानाकर्षण भएको भन्दै महासंघले एक विज्ञप्तिमार्फ त्यसको चर्को विरोध गरेको हो।

'इतिहासमा कहिल्यै पनि विदेशीहरुको उपनिवेश नभएको नेपाल एक सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र र स्वाधीन मुलुक हो' महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ- 'कुनै पनि विदेशी सहयोग सम्झौता, दातृनिकाय वा राष्ट्र नेपालको संविधान र कानुनभन्दा माथि हुनसक्दैन।'

असंलग्नता र पञ्चशीलको सिद्धान्तमा आधारित नेपालको परराष्ट्र नीति भएको स्पष्ट गर्दै महासंघको विज्ञप्तिमा नेपाल कुनै देशको पक्षमा वा विपक्षमा तयार गरिएको विदेशी सैन्य गठबन्धन र रणनीतिमा संलग्न हुन नसक्ने उल्लेख गरिएको छ।


'बाह्य राष्ट्र, तिनका पदाधिकारी, कुटनीतिज्ञ, निकाय, नियोग, संस्था वा अरु कसैलाई पनि सार्वभौम मुलुक नेपाल, यसका सार्वभौम जनता, राजनीतिक दलहरू र तिनका नेताहरूलाई धम्काउने, थर्काउने, तर्साउने वा अनावश्यक दबाब दिने अधिकार छैन' महासंघद्वारा जारी विज्ञप्तीमा भनिएको छ। यसैगरी विदेशी राष्ट्रसँगको सम्बन्ध कुनै परियोजनाभन्दा माथि रहेको र आगामी दिनमा पनि यस्तै हुनुपर्ने महासंघको अडान रहेको छ।

नेपाल आफ्नो संविधान, ऐन, नीति तथा कार्यक्रम र विकास परियोजनाहरू निर्माण गर्न, जारी गर्न, लागु गर्न र विदेशी सन्धि, सम्झौताहरू अनुमोदन गरी लागू गर्न वा अनुमोदन नगर्न पूर्ण रूपमा स्वतन्त्र रहेको पनि महासंघको विज्ञप्तिमा भनिएको छ- 'अन्य देशहरू अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, कानुन र संयुक्त राष्ट्रसंघका मूल्य मान्यता अनुरूप आफ्ना नेपाल सम्बन्धी नीतिहरू जारी गर्न र लागु गर्न अधिकार सम्पन्न छन्।'

हिन्द-प्रशान्त रणनीति (आइपीएस)मा चीन र रुसी महासंघ लगायतका देशको आर्थिक तथा सामरिक शक्तिलाई रोक्ने र नेपालका अन्य विभिन्न मित्र राष्ट्रको नामै किटेर तिनका विरुद्ध गतिविधि सञ्चालन गर्ने कुरा एमसीसीमा उल्लेख भएको भन्दै महासंघद्वारा जारी विज्ञप्तिमा यतिबेला अमेरिकाको चीन र रुसी महासंघसँग विवाद बढिरहेको र युद्धपूर्वको अवस्था सिर्जना भएको अवस्थामा यो सम्झौताका सर्तहरू थप संवेदनशील रहेको भन्दै विरोध गरिएको छ।

नेपालको सार्वभौमसत्ता विपरीत अमेरिकी सरकारका पदाधिकारीहरू, कुटनीतिज्ञहरू र एमसीसीका पदाधिकारीहरुले देशका बहालवाला प्रधानमन्त्री, पूर्वप्रधानमन्त्रीहरू, राजनीतिक दलका नेताहरूलाई भेटेर र फोनमार्फत् धम्काएको, एमसीसी अनुमोदन नगरिएमा विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र अन्य द्वीपक्षीय तथा बहुपक्षीय ऋण तथा आर्थिक सहयोगबाट वञ्चित गर्ने धम्की दिनु गलत भएको बताउँदै महासंघका अध्यक्ष चित्रबहादुर श्रेष्ठले नेपाल नीति पुनर्विचार गरिने र नेपालमा चिनियाँ हस्तक्षेप भएको मानिने सार्वजनिक धम्की दिनु घोर आपत्तिजनक रहेको खुलस्त पारे।

# समाजवाद नै किन ?



विचार-दृष्टिकोण
अल्बर्ट आइन्सटाइन

समाजका संगठनलाई प्रभाव पार्ने प्रश्नहरूबारे व्यक्त गर्ने अधिकार सबैलाई छ। के सामाजिक तथा आर्थिक मुद्दाहरूमा विशेषज्ञता नभएका व्यक्तिहरूलाई समाजवादबारे आफ्ना दृष्टिकोण पेश गर्ने सल्लाह दिनु उचित हुन्छ ? मेरो विचारमा विभिन्न कारणहरूले गर्दा यसो गर्नु उचित हुन्छ।

सर्वप्रथम हामी यस प्रश्नलाई वैज्ञानिक ज्ञानको दृष्टिबाट हेरौं। खगोलशास्त्र र अर्थशास्त्रबीच कुनै आवश्यकीय विधिगत भिन्नताहरू छैनन् जस्तो लाग्न सक्छ; दुवै क्षेत्रका वैज्ञानिकहरूले कुनै निश्चित परिधिका घटनाहरूका लागि आवश्यक आम स्वीकार्यताका नियमहरू (laws of general acceptabliity) पत्ता लगाउने प्रयत्न गरिरहन्छन्, ताकि यी घटनाक्रमहरूलाई एक-आपसमा जोड्ने अन्तरसम्बन्धहरूलाई सकेसम्म स्पष्ट बुझिने बनाउन सकियोस्। तर यथार्थमा यस्ता विधिगत भिन्नताहरू विद्यमान हुन्छन्। अर्थशास्त्रको क्षेत्रका आमनियमहरूको खोजी गर्नु आर्थिक घटनाक्रमहरूलाई अवलोकन गर्ने परिवेशका कारणले कठिन हुन्छ, जुन आर्थिक घटनाक्रमहरूलाई छुट्टाछुट्टै मुल्यांकन गर्न ज्यादै कठिन हुने अवयवहरूले प्रायशः प्रभावित गरेका हुन्छन्। यसका अतिरिक्त मानव इतिहासमा तथाकथित सभ्य समाजको सुरुवातबाटै संग्रहित अनुभवहरू-जो सर्वविदित नै छन्। धेरै हदसम्म विभिन्न कारणहरूद्वारा प्रभावित र सिमित बनाइएका हुन्छन् र ती कारणहरू विशुद्ध आर्थिक प्रकृतिका पनि हुँदैनन्। उदाहरणका लागि विश्वका धेरैजसो प्रमुख राज्यहरू युद्धमा पाएको विजयको कारण अस्तित्त्वमा कायम रहेका हुन्। विजय प्राप्त गर्ने व्यक्तिहरूले आफूलाई विजित देशका आर्थिक र कानुनी रूपमा विशेष हैसियतको वर्गका रूपमा स्थापित गरेका हुन्छन्। उनीहरूले जमिनमाथि आफ्नो एकाधिकार स्थापित गरे र आफ्नै वर्गभित्रबाट पादरीतन्त्रको स्थापना गरे। शिक्षामाथि नियन्त्रण जमाएका पादरीहरूले समाजको वर्ग विभाजनलाई स्थायी संस्थानहरूमा परिणत गरे र यस्तो मूल्य व्यवस्था स्थापना गरे जसले त्यसपछि आम व्यक्तिहरूलाई धेरै हदसम्म अवचेतन अवस्थामै उनीहरूका सामाजिक व्यवहारहरूलाई निर्देशित गरे।

तर ऐतिहासिक परम्पराले कहीँ पनि थोरस्टेन भेब्लेनले भनेको मानव विकासको 'शिकारी चरण' (predatory phase) माथि विजय प्राप्त गर्न सकेको छैन। दृष्टिगोचर गर्न सकिने आर्थिक तथ्यहरू त्यसै चरणमा पर्दछन् र हामीले तिनबाट उत्पादन गरेका नियमहरू पनि अन्य चरणहरूमा काम लाग्ने छैनन्। समाजवादको वास्तविक उद्देश्य मानव विकासलाई 'शिकारी चरण'माथि विजय प्राप्त गरी त्यो चरणभन्दा अगाडि लैजानु हो। यसो हुनाले वर्तमान अवस्थाको आर्थिक विज्ञानले भविष्यको समाजवादी समाजमाथि प्रकाश पार्न सक्दैन।

दोस्रो- समाजवाद सामाजिक-नैतिक साध्य (social-ethical-end) तर्फ लक्षित हुन्छ। तर विज्ञानले साध्य सिर्जना गर्न सक्दैन। अझ त्यसलाई मानव जातिमा प्रत्यारोपण गर्न त झनै सक्दैन। विज्ञानले बढिमा केहि निश्चित साध्य प्राप्तिका साधन आपूर्ति गर्नसक्छ। तर ती साध्यहरू स्वयमले नै भने उच्चनैतिक आदर्श भएका व्यक्तित्वहरूले कल्पना गरेका र यदि ती साध्य मृत जन्मेका छैनन्, ओजस्वी र जीवनशक्तिले भरपुर छन् भन्ने लागेमा असंख्य व्यक्तिहरूले त्यसलाई अङ्गिकार गर्छन् र अगाडि बढाउछन्। ती व्यक्तिहरूले नै अर्धचेतन अवस्थामै समाजको धिमा विकासलाई निर्धारित गर्दछन्।

यिनै कारणहरूले गर्दा, हामी व्यक्तिका समस्याहरूको प्रश्नमा विज्ञान र वैज्ञानिक विधिहरूमाथि बढी अपेक्षा गर्ने गल्तिबारे सचेत हुनुपर्छ र हामीले समाजका संगठनलाई प्रभाव पार्ने प्रश्नहरूबारे व्यक्त गर्ने अधिकार केवल ती विज्ञहरूलाई मात्र हुन्छ भन्ने ठान्नु हुँदैन।

## एकान्तिक मानिसको अभिव्यक्ति

धेरैभन्दा धेरै व्यक्तिहरू मानव समाज संकटबाट गुज्रिरहेको छ भनी ठोकुवा गरिरहेका छन् अर्थात् समाजको स्थायित्व धुजाधुजा हुँदैछ। यो यस्तो अवस्थाको चरित्र हो जहाँ व्यक्ति आफू समाहित ठूलो वा सानो समूहप्रति असंलग्न र कहिलेकाहीँ शत्रुवत बन्न पुग्दछन्। मैले भन्न खोजेको कुरा स्पष्ट पार्न म मेरो आफ्नै अनुभव पेस गर्न चाहन्छु। हालसालै मैले एक प्रबुद्ध र सुसंस्कृत व्यक्तिसँग छलफल गरेँ। मैले भने मेरो विचारमा अर्को युद्ध हुने त्रासले मानव अस्तित्त्व नै खतरामा पर्न सक्नेछ र कुनै अधिराष्ट्रिय संगठनले मात्र उक्त खतराबाट सुरक्षा प्रदान गर्न सक्छ। त्यसको प्रतिउत्तरमा ती व्यक्तिले शान्त र शालिन भएर प्रश्न सोधे- 'तपाईं मानव जातिको लोप हुने कुरामा किन यति गम्भीर चिन्तामा हुनुहुन्छ ?'

म निश्चय साथ भन्न सक्छु एक शताब्दी अघि मात्र पनि कसैले यसप्रकारको हलुका टिप्पणी गर्दैनथ्यो। यो त्यस्तो व्यक्तिको अभिव्यक्ति हो जसले जीवनभर आफू स्वयमभित्र सन्तुलन कायम गर्ने नाकाम कोशिष गरिरह्यो तर हाल भने सफलता प्राप्त गर्ने आशा त्यागि दियो। यो एउटा पीडादायी शून्यता र एकान्तिपनको अभिव्यक्ति हो, जसबाट आजकल धेरै व्यक्ति पीडित भइरहेका छन्। यसको कारण के हो ? के यसबाट मुक्ति पाउने उपाय छ ?

यस्ता प्रश्नहरू उठाउन सजिलो छ तर अलिकति आश्वस्त तुल्याउने जवाफ दिन उतिकै कठिन छ। यति हुँदाहुँदै पनि म आफूले भ्याएसम्मको जवाफ दिन कोशिष गर्नेछु। यद्यपी हाम्रा भावना र प्रयासहरू प्राय अन्तरविरोधी र धुमिल हुन्छन् जसले गर्दा सामान्यतया तिनलाई सजिला र सरल सूत्रमा व्यक्त गर्न सकिँदैन।

## मानिस एकान्तिकका साथै सामाजिक प्राणी पनि हो

मानिस एकसाथ एउटा एकान्तिकका साथै सामाजिक प्राणी पनि हो। एकान्तिक प्राणीका हिसाबले ऊ आफ्नो र आफ्ना नजिकमा व्यक्तिहरूको अस्तित्त्वको रक्षा गर्ने, आफ्ना व्यक्तिगत चाहना र आफूमा अन्तरनिहित क्षमता विकास गर्ने प्रयत्न गरिरहन्छ। एउटा सामाजिक प्राणीको हिसाबले ऊ अन्य व्यक्तिहरूबाट मान्यता र माया प्राप्त गर्ने, उनीहरूका खुसीमा सहभागी हुने, उनीहरूका दुःखमा सान्तावना दिने र उनीहरूको जीवन सहज बनाउने प्रयास गरिरहन्छ। यिनै विविध र कहिलेकाहीँ विरोधाभाषी प्रयासहरूको अस्तित्त्वले नै व्यक्तिको विशिष्ट चरित्रको निर्धारण तथा संयोजन गर्दछ, र तिनको विशिष्ट संयोजनले नै एउटा व्यक्तिले कुन हदसम्म आन्तरिक सन्तुलन कायम गर्नसक्छ र समाजको भलाइको निम्ति योगदान दिनसक्छ भन्ने कुराको निर्धारण गर्छ। यो सम्भव छ कि यी दुई प्रेरणा (वैयक्तिक तथा सामाजिक अस्तित्त्व सम्बन्धी)को तुलनात्मक शक्ति वंशाणुद्वारा निर्धारण हुन्छ। तर अन्त्यमा विकसित हुने व्यक्तित्व धेरै मात्रामा व्यक्तिको विकास हुँदाको वातावरण, ऊ बृद्धि-विकसित हुने सामाजको संरचना, त्यस समाजको परम्परा र समाजले मूल्याकङ्न गर्ने खास किसिमका व्यवहारहरूले निर्माण गर्दछ। अमूर्त अवधारणा 'समाज' भन्नाले एक व्यक्तिको आफ्ना समकालिन व्यक्तिहरू र अघिल्ला पुस्ताहरूका मानिहरूसँगको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धहरूको समष्टि हो। एउटा व्यक्ति स्वयमले सोच्न, महशुस या अनुभव गर्न, प्रयत्न गर्न र काम गर्नसक्छ। तर ऊ आफ्नो भौत्तिक, बौद्धिक र भावनात्मक अस्तित्त्वका लागि यति बढी समाजमा आश्रित हुन्छ कि समाजको संरचनाबाहिर उसबारे सोच्न वा उसलाई बुझ्न असम्भव हुन्छ।

त्यो 'समाज' नै हो जसले व्यक्तिलाई गाँस, बास, कपास, काम गर्ने औजार, भाषा, सोच्ने तरिका, उसका सोचाइका अधिकांस विषयवस्तुहरू प्रदान गर्छ र उसको जीवन नै उसको श्रम र 'समाज' भन्ने पर्दाले बेरिएका विगत र वर्तमानका लाखौं व्यक्तिहरूका उपलब्धिहरूद्वारा सम्भव हुन्छ।

अतः व्यक्तिको समाजमाथिको निर्भरता प्राकृतिक सत्य हो र यसको उन्मूलन असम्भव छ भन्ने कुरा स्पष्ट छ। कमिला र मौरीहरूको जस्तै। यद्यपी कमिला र मौरीको सिङ्गो जीवन प्रक्रिया, सानोभन्दा सानो व्यवहार पनि कठोर वंशानुगत चेतनारहित सीपद्वारा निर्धारित हुन्छन्। मानवजातिका सामाजिक ढाँचा र अन्तरसम्बन्धहरू धेरै परिवर्तनशील र परिवर्तनलाई आत्मसात गर्ने हुन्छन्। स्मरणशक्ति, नयाँ परिस्थितिसँग संयोजित गर्ने क्षमता, मौखिक सञ्चार गर्नसक्ने क्षमताले जैविक आवश्यकताहरूको निर्देशन बेगर नै मानिसहरूमाझ विकासलाई सम्भव तुल्याउँछन्। यस्ता विकासहरू चाहिँ परम्परा, संस्था, संगठनहरू, साहित्य, वैज्ञानिक र इन्जिनियरिङ क्षेत्रमा प्राप्त उपलब्धिहरू, कलाका क्षेत्रमा प्रकट हुन्छन्। यसले एक अर्थमा व्यक्तिले कसरी आफ्नै आचार, व्यवहारद्वारा आफ्नो जीवनमाथि प्रभाव पार्नसक्छ र यस प्रक्रियामा सचेत सोचाइ र चाहनाको पनि भूमिका हुन्छ भन्ने कुरालाई स्पष्ट पार्छ।

जन्मदै व्यक्तिले वंशाणुगत जैविक विधान साथमा लिएर आएको हुन्छ, जसलाई हामीले स्थायी र अपरिवर्तनीय मान्नु पर्ने हुन्छ। जसभित्र प्राकृतिक कौतुहलता पनि पर्छन् जो मानव प्रजातिका विशिष्ट गुण हुन्। यसका अतिरिक्त आफ्नो जीवनभरीमा मानिसले समाजबाट सञ्चार र अन्य धेरै प्रभावहरूद्वारा एउटा सांस्कृतिक विधान या परिपाटी ग्रहण गर्छ। समय क्रममा यही सांस्कृतिक विधान परिवर्तन गर्नुपर्ने विषय बन्छ र यसले धेरै हदसम्म व्यक्ति र समाजबीचको सम्बन्धलाई निर्धारण गर्छ। तथाकथित आदिम संस्कृतिको तुलनात्मक अनुसन्धानबाट आधुनिक मानवशास्त्रले हामीलाई प्रचलित सांस्कृतिक बनौट र समाजलाई प्रवल प्रभाव पार्ने संगठनका प्रकारहरूका आधारमा व्यक्तिहरूको सामाजिक व्यवहारमा प्रशस्त भिन्नताहरू हुन सक्छन् भनेर सिकाएको छ। धेरै मानिसहरूको जीवनमा सुधार ल्याउन प्रयत्नशील व्यक्तिहरूले आफ्ना आशा यसैमाथि अड्याएका हुनसक्छन्- एकअर्कालाई सिध्याउने वा क्रुरको दया, आत्मअभिसप्तमा रहेको जैविक विधानका कारणले मानव जातिलाई निन्दा गरिनु हुँदैन।

यदि हामीले स्वयम आफैंलाई कसैगरी समाजको संरचना र व्यक्तिका सांस्कृतिक प्रवृत्ति या सोचलाई परिर्वतन गरियो भने मानव जीवन सकेसम्म सन्तुष्ट बन्छ, तर हामी केही अवस्थाहरू परिवर्तन गर्न सक्दैनौं। अगाडि उल्लेख गरे जस्तै व्यक्तिको जैविक गुण या प्रकृति सबै व्यवहारिक उद्देश्यका लागि परिवर्तनको विषय बन्न सक्दैन। यसका अतिरिक्त विगतका केही शताब्दीमा भएको प्राविधिक र जनसांख्यिक विकासहरूले केही अवस्थाहरू निर्माण गरेका छन् र ती रहिरहनेछन्। तुलनात्मक रूपले सघन बसोवास क्षेत्रहरूमा उनीहरूको अस्तित्त्वको निरन्तरताको लागि अपरिहार्य वस्तुहरू, चरम श्रम विभाजन र अति केन्द्रिकृत उत्पादन उपकरणरसंयन्त्र नितान्त आवश्यक हुन्छन्। अलि पहिलेका समयको कुरा गर्ने हो भने त्यो सुखद जीवन थियो। तुलनात्मक रूपले सानो समूह आफैंमा पूर्ण रूपले आत्मनिर्भर हुने जमाना अब रहेन। अहिले पनि मानव जाति उत्पादन र खपतको एउटा गञ्जागोलयुक्त समुदायमा गठित या संगठित छ भन्नु हल्का अतिशयोक्ति नै हुन्छ होला।

## संकटको सार

अब म त्यो बिन्दुमा पुगें जहाँ म मलाई लागेको हाम्रो समयको

क्रमशः अन्तिम पृष्ठमा



# भारी हिमपातका कारण डोटीका सडक अवरूद्ध



**काठमाडौं ।** हालै भएको भारी हिमपातपछि डोटीका ग्रामीण क्षेत्रका सडक लामो समय अवरूद्ध भएको छ। समूहगाढ, कपल्लेकी, नापानी हुँदै गड्सेरा जोड्ने फाष्ट ट्र्याकलगायतका सडकका विभिन्न खण्डमा हिमपातले रुख ढल्दा तथा वर्षाले पहिरो खस्दा सडक अवरूद्ध भएको हो।

हिमपात र वर्षातका कारण अवरूद्ध जिल्लाका ग्रामीण सडक अवरूद्ध भएपछि एक घण्टामा पुगिने ठाउँमा दुईदेखि तीन घण्टा लाग्ने भएको छ। वर्षातले क्षतविक्षत स्थानीय सडकको नियमित मर्मत नहुँदा यात्रु गाडी चढ्न डराउन थालेका छन् भने ठाउँ-ठाउँमा पहिरो र हिलाम्य सडक हुँदा सवारी साधन चलाउनु जोखिमपूर्ण भएको शैलेश्वरी यातायात व्यवसायी प्रालिका प्रमुख प्रेमबहादुर रावलले बताए।

'वर्षा र हिउँले गाउँका सडक भताभुंग बनाएका छन्, मर्मत नगरिँदा गाडी चलाउन गारो भएको छ, जोखिम पनि बढेको छ' वर्षात र हिमपातले यहाँका तल्कोट, मुडभारा, फलेडी, पूर्वे बगरलगायतका सडक अवरूद्ध भएका हुन्। हिमपात र वर्षातका कारण क्षति भएका यहाँका सडकमा यातायातका साधन र यात्रुले जोखिम मोल्ने गरेका छन्।

सडकको अवस्था दयनीय भए पनि मर्मतमा भने कसैको ध्यान नपुगेको बोगटान फुड्सिल गाउँपालिकाका स्थानीयवासी माया बमले जानकारी दिइन्। सडक मर्मत नहुँदा बिरामीले समेत सास्ती भोग्ने गरेको र जिल्लाका ग्रामीण सडक मात्र नभइ, मुख्य राजमार्गको अवस्था झनै दयनीय छ।

तीन जिल्ला जोड्ने स्थानीय डाकेआइसिंह राजमार्गको रडुवामा गएको असोजमा आएको बाढीपहिराले बगाएपछि यतिबेला पनि अस्थायी रूपमा सडक निर्माण गरी यातायात सञ्चालन गरिँदै आएको छ। अस्थायी सडकमा ठूला मालबाहक सवारीसाधन सञ्चालन गर्न निकै जोखिम हुँदै आएको ट्रक चालक प्रकाश मल्लले भने- 'काम चलाउन साँघुरो सडक बनाइएको छ, कति बेला दुर्घटना हुन्छ थाहा छैन्, ज्यान जोखिममा राखेर गाडी चलाउन बाध्यछौं।'

यसैगरी जिल्ला सदरमुकाम सिलगढीदेखि कलेना जोड्ने तथा शान्तिनगरदेखि नारीदाङ जोड्ने सडक पनि मर्मत नभएका कारण यातायातका साधन सञ्चालनमा समस्या उत्पन्न भएको स्थानीयले बताए। सडक मर्मत नगरिएका कारण गाउँमा उत्पादित साग र तरकारी बजारसम्म लैजान नपाउँदा कुहिन थालेको स्थानीयले बताए। केआइसिंह गाउँपालिकाका स्थानीयवासी वासुदेव जोशीले गाउँमा प्रसस्त साग तरकारी फले पनि बजारसम्म पुऱ्याउन सडक नहुँदा गाईभैंसीलाई कुडो बनाउनु परेको गुनासो पोखे।

ग्रामिण क्षेत्रमा जतातत्तै सडक खन्ने होडबाजी चल्दा पानी पर्नासाथ सडक बिग्रिने र मर्मत हुन नसक्दा समस्या पर्ने गरेका छन्। वर्षातले जीर्ण भएका सडक समयमै मर्मत नहुँदा दुर्घटनाको जोखिम समेत बढेको सवारी चालक बताउँछन्।

# सत्ताधारी दलका शीर्ष नेताको बैठक बस्दै



**काठमाडौं ।** सत्ताधारी दलका शीर्ष नेताहरूको बिहीबार 'अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)' लगायतका विषयमा छलफल गर्न बैठक बसेको छ।

प्रधानमन्त्री एवं नेपाली काग्रेसका सभापति शेरबहादुर देउवाको संयोजनमा बिहीबार अपराह्न ५ बजे बैठक बस्ने तयारी भएको प्रधानमन्त्रीका प्रेस प्रमुख गोविन्द परियारले जानकारी दिएका हुन्।

प्रधानमन्त्री निवास बालुवाटारमा बस्ने बैठकमा सत्ताधारी दल कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताहरू सहभागी हुने पनि जानकारी दिए। बैठकमा फागुन ६ गते बस्ने प्रतिनिधिसभाको बैठकमा एमसिसी सम्बन्धी प्रस्ताव टेबल गर्नका लागि साझा धारणा बनाउनेलगायतका विषयमा छलफल हुने पनि बताइएको छ।

यसअघि बुधबार बसेको संसदको बैठकमा उक्त प्रस्ताव टेबल गर्ने सरकारको तयारी भए पनि सत्ताधारी दलका सांसदहरूले नै चर्को विरोध र जनताको सर्वत्र विरोधका कारण टेबल हुन नसकेको हो।

# ऊर्जामन्त्री भुसाल र बेलायती राजदूतबीच शिष्टाचार भेट

**काठमाडौं ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग मन्त्रालयमा शिष्टाचार भेट गर्दै नेपालका लागि बेलायती राजदूत निकोला पोलिटल आपसी हित र चासोका विविध विषयमा छलफल गरेका छन्।

शिष्टाचार भेटवार्ताको क्रममा मन्त्री भुसालले पारस्परिक हितका सबै क्षेत्रमा नेपालले नजिकैबाट काम गरिरहने सरकारको प्रतिबद्धता रहेको बताएकी हुन्।

मन्त्री भुसालले नेपाल सरकारले स्वच्छ र नवीकरणीय ऊर्जा उत्पादन, ई-मोबिलिटी, न्यून कार्बन पूर्वाधार र इको-टुरिजम्को प्रबर्द्धनलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै नेपालको नवीकरणीय ऊर्जा, वातावरण व्यवस्थापनमा बेलायत सरकारको सहयोगप्रति धन्यवाद व्यक्त गरेको मन्त्रालय स्रोतले बताएको छ। 'हामी हिमालय क्षेत्रको संरक्षणका लागि अन्तर्राष्ट्रिय सहयोगको अपेक्षा गर्दछौं' मन्त्री भुसालले भेटवार्ताका क्रममा महासागरका पारिस्थितिक प्रणाली सन्तुलन राख्न र बढ्दो भूमण्डलीय तापक्रम वृद्धि नियन्त्रण गर्नका लागि हिमालयको महत्वपूर्ण भूमिका रहने स्मरण गराइन्।

ऊर्जा क्षेत्रमा सन्तुलन कायम राख्नका लागि आफूले जलासययुक्त आयोजना प्रवर्द्धनलाई विशेष प्राथमिकता दिएको उल्लेख गर्दै मन्त्री भुसालले बूढीगण्डकी, दूधकोशी, नलगाढजस्ता आयोजनालाई आफूले प्राथमिकतामा राखेको बताइन्। जलविद्युत स्वच्छ ऊर्जा भएकाले यसको प्रबर्द्धनका लागि नेपाल सरकारले प्राथमिकता दिएको र ऊर्जा क्षेत्रको विकासमा मिश्रित ऊर्जा उत्पादनमा ध्यान दिएको बताइन्। बेलायत नेपालको सबैभन्दा भरपर्दो विकास साझेदार रहेको उल्लेख गर्दै मन्त्री भुसालले बेलायतले संकट र प्रकोपको समयमा महत्वपूर्ण सहयोग गरेको स्मरण गराइन्।

# तीनबुँदे सहमति कार्यान्वयनबारे सरकार र नेकपाबीच छलफल

**काठमाडौं ।** नेपाल सरकारले तत्कालीन विद्रोही नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)सँग विगतमा गरेको तीन बुँदे सहमति कार्यान्वयनबारे गठबन्धन सरकारका गृहमन्त्रीले छलफल थालेका छन्।

सरकारका तर्फबाट गृहमन्त्री बालकृष्ण खाँण, कानुन न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडू, महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डे, कानुनसचिव उदयराज सापकोटा तथा विद्रोही नेकपाका तर्फबाट सोही दलका प्रवक्ता खड्गबहादुर विश्वकर्माबीच मन्त्रालयमा तीन बुँदेबारे छलफल भएको हो।

गएको २० फागुन २०७७ मा नेकपासँग सरकारले गरेको सो तीन बुँदे सहमति कार्यान्वयनका क्रममा हालसम्म भएको प्रगति र अब कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा कुराकानी भएको गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जानकारी दिए। प्रवक्ता पोखरेलले फिर्ता लिन मिल्ने मुद्दा छिटो फिर्ता गर्ने विषयमा पनि छलफल भएको बताए।

नेकपाका प्रवक्ता विश्वकर्माले छलफलबीच विभिन्न आन्दोलनका



क्रममा पार्टी कार्याकर्तालाई लगाइएका मुद्दा र जेलमा रहेका कार्यकर्ताको विवरण सरकारलाई बुझाएका थिए। सरकारका तर्फबाट पनि अहिलेसम्म थुनामा रहेका नेकपाका कार्यकर्ता र मुद्दाको विवरण प्रस्तुत भएको प्रवक्ता पोखरेलले जानकारी दिए।

विश्वकर्माले आफ्नो दल र सरकारबीच विगतमा भएको तीन बुँदे कार्यान्वयनको टाइमलाइन वार्तामा बनाइएको र माग कार्यान्वयनका लागि सरकार सकारात्मक देखिएको जानकारी गराएका थिए। 'केही विषय टुंगिएका पनि छन्, केही टुंगिने क्रममा छन्' प्रवक्ता विश्वकर्माले भने 'आशा छ छिट्टै निष्कर्ष निष्कन्छ।' नेकपा (एमाले) अध्यक्ष खड्ग ओली नेतृत्वको विघटित सरकारले गरेको आफ्नो दलसँगको उक्त सहमति कार्यान्वयन गर्न वर्तमान गठबन्धन सरकारले आफूहरुसँग छलफल जारी राखेको पनि विश्वकर्माको भनाइ थियो।

# अविरललाई एकैसाथ पितृमातृ शोक

**काठमाडौं ।** लोकप्रिय संगीतकार आशिष अविरलले परिवारले एकसाथै बाबुआमाको अकल्पनीय वियोगको सामना गर्नुपरेको छ। बागलुङस्थित गलकोट-७ मल्लका निवासी अविरलका बाबु ८१ वर्षीय बलबहादुर निधन भएको शोक सेलाउन नपाउँदै उनकी आमा ७९ वर्षीया चित्रकुमारीको समेत उपचारकै क्रममा गुमाउनु परेको हो।

एक हप्ताबीच बुबाआमा दुवै गुमाउन पुगेका अविरलकी आमाको मष्तिष्कघात भएपछि उपचारका लागि पोखरा पुऱ्याइए पनि स्वास्थ्य अवस्था जटिल बनेपछि आइतबार घरमै फर्काइएको थियो। अविरलका भाइ कर्णले दुवै जनाको उच्चरक्तचापका कारण मस्तिष्कघातबाट मृत्यु भएको बताए। बलबहादुरको निधन भएको दुई दिनपछि चित्रकुमारीले पनि संसारबाट बिदा लिएकी थिइन्।

# हिमपातले हर्ष र विस्मात एकैसाथ

**काठमाडौं ।** विगतका वर्षमा जस्तै यस पटक पनि हिमपातले किसानलाई हिमपात र वर्षाले एकै साथ हर्ष र विस्तमत दिएको छ। हिउँदे सुख्खा जमिनलाई हिमपातले सिँचाइको काम गर्दा कृषकलाई राहत दिएको छ भने तरकारी खेतीमा क्षति पुऱ्याउँदा विस्मत थपेको किसानले बताए।

यसपटक माघको अन्तिम साता परेको भारी हिउँले तमानखोला गाउँपालिका-२ भयरबोङ्गा कटेरीका चुडामडी छन्त्यालको दुई हाइटेक टनेलमा क्षति पुगेको हो। चार वर्षदेखि सञ्चालित डायमन्ड एग्रो फार्मका टनेलमा लगाइएको अकाबरे खुर्सानी र सागमा नराम्रो क्षति पुगेको र गहुँ, जौलगायत खेतीबाली उठ्नै नसक्नेगरी हिउँले ढाकेपछि आफूहरूलाई पीर परेको छन्त्यालले बताए।

विगतमा पनि हिमपात हुने भए पनि यस वर्ष भारी हिममात भएका कारण टनेल र तरकारीमा क्षति भएको सुनाए। यतिबेला उच्चपहाडी क्षेत्रमा परेको हिउँ पग्लन नसक्दा किसानलाई सास्ती भएको छ- 'हिमपातले सदरमुकाम क्षेत्रमा खुसी बनाएको होला, सिँचाइ नभएको सुख्खा ठाउँमा राम्रो पनि गऱ्यो, किसानहरू समेत खुसी भएका छन्' उनले तमानखोलाको उच्चस्थानलगायत उच्चपहाडी क्षेत्रमा भएको हिमपातले आफ्नो फार्ममा लाखौं मूल्य बराबरको तरकारी खेतीमा क्षति पुगेको बताए।

बाग्लुङ जिल्लास्थित तमानखोला बराहताल आसपासमा हिउँ पग्लन नसक्दा भारी हिमपातका कारण किसानको जौ खेती पुरिएको छ। हिमपातले हिउँ खेल्ने पर्यटक र किसान खुसी भए पनि उच्चपहाडी क्षेत्रका पशुपालक कृषक र बासिन्दा सास्तीमा परेका छन्। उच्चपहाडी क्षेत्रमा गहुँ, जौजस्ता खेतीलाई हिमपात मल जस्तै हुने भए पनि भारी हिमपातले खेती नष्ट हुने देखिन्छ। उच्चपहाडी क्षेत्र हिउँ पग्लन नसकेपछि पशुपालक किसानलाई सास्ती परेको छ।

# दल दर्ताका निम्ति ११ दिने म्याद

**काठमाडौं ।** स्थानीय तहको आसन्न निर्वाचनका लागि दल दर्ता गर्न आयोगले दलहरुलाई ११ दिन समय दिएको छ। आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा भाग लिन चाहने राजनीतिक दललाई दल दर्तालाई निवेदन आह्वान गरेको हो।

स्थानीय तह निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्न आयोगले फागुन १५ गतेसम्मको समयावधि तोकेर सूचना प्रकाशित गरी दल दर्ताका लागि आह्वान गरेको हो। सोही अवधिभित्र राजनीतिक दलका तर्फबाट औपचारिकपत्र प्रदान गर्ने पदाधिकारीको दस्तखत नमूना पठाउन पनि भनिएको छ। नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐनअनुसार आयोगमा दर्ता भएका कुनै पनि दलले तोकिएको निर्वाचनमा भाग लिन दल दर्ता गर्नुपर्ने प्रावधान छ।

दल दर्ताका लागि निवेदन दिँदा दलको विधान, घोषणापत्र, नियमावली, झण्डा र चिह्नको नमूना, कम्तीमा २१ सदस्य केन्द्रीय समितिको व्यवस्था तथा अघिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदनलगायत कागजात तथा विवरण पेश गर्नुपर्ने छ। विधान र नियमावली लोकतान्त्रिक, पाँच वर्षमा एक पटक संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन भएको तथा विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिनिधित्वको व्यवस्था भएको हुनुपर्ने जस्ता सर्तसहितका काजात समेत दर्ताका अवसरमा पेश गर्नुपर्नेछ।

राजनीतिक दलको विधानमा दलको नाम, झण्डा, छाप, चिह्न, कार्यालयको ठेगाना, संगठनात्मक संरचना, सदस्यता प्राप्त र गुम्ने अवस्था, केन्द्रीय, प्रदेश र स्थानीय तहको विवरण, महाधिवेशनसम्बन्धी व्यवस्था, बैठक बोलाउने र निर्णय गर्ने कार्यविधिलगायतको व्यवस्था उल्लेख हुनुपर्ने व्यवस्था छ।

दलको कोष, आर्थिक व्यवस्थापन र त्यसका जिम्मेवार पदाधिकारी, उम्मेदवार मनोनयन कार्यविधि, अनुशासन कारबाही र पुनरावेदन सुन्ने संयन्त्र, लेखा परीक्षण, नीति तथा कार्यक्रम निर्माणमा सदस्य तथा तल्ला निकायको सहभागिता, विधान संशोधन, विघटन, नियमावली बनाउने अधिकार, सदस्यता र नवीकरण शुल्कलगायत विषय विधानमै उल्लेख हुनुपर्नेछ।

# अस्ताए चर्चित लेखक तथा समालोचक शर्मा



**काठमाडौं ।** नेपाली साहित्य आकासमा प्रख्यात लेखक एवं चर्चित समालोचक नाम ताना शर्मा नामबाट परिचित तारानाथ शर्माको फागुन ३ गते बिहान निधन भएको छ। इलाममा जन्मिए पनि काठमाडौंलाई कर्मथलो बनाएका निडर लेखक तारानाथ शर्माको भौत्तिक शरीर हामीमाझ नरहे पनि नेपाली साहित्य क्षेत्रमा उनले छोडेको अमूल्य कृतिहरूले भने उनलाई अमर बनाइ राख्नेछन् ।

वरिष्ठ साहित्यकार तारानाथ शर्माको ८७ वर्षको उमेरमा आफ्नै निवासमा निधन भएको छ। ताना शर्माका नामबाट लोकप्रिय उनको विसं. १९९१ असार ९ गते इलामको बरबोटमा जन्मिएका उनी ‘झर्रोवादी आन्दोलन’का एक अगुवा हुनाका साथै नियात्रा, निबन्ध, कथा, उपन्यास, समालोचनालगायत विधाका दर्जनौं कृति नेपाली साहित्य जगतलाई दिएर यो संसारबाट बिदा भएका छन् ।

मधुमेह रोगबाट पीडित ताना शर्माको काठमाडौंस्थित आफ्नै निजी निवासमा निधन भएको हो । अस्वस्थताका कारण पछिल्लो डेढ वर्षयता भने साहित्य लेखनमा सक्रिय उनमा पछिल्लो समय बिर्सने समस्या समेत देखिएको थियो । विसं १९९१ असार ९ गते निर्जला एकादशीका दिन साहित्यकार शर्मा पिता प्रजापति उपाध्याय र माता देवकीको जेठो छोराका रूपमा इलाम सूर्योदय नगरपालिका-९ बरबोटेमा जन्मिएर संस्कृत शिक्षाबाट पठनपाठन सुरु भएको थियो ।

अंग्रेजी साहित्यमा एमए र भाषा विज्ञानमा विद्यावारिधि गरेका उनले मदन पुरस्कार, साझा पुरस्कारलगायतबाट सम्मानित भएका थिए । उनको कृति ‘बेलाइततिर बरालिँदा’ले २०२६ सालमा मदन पुरस्कार पाएको थियो भने ‘सम र समका कृति’ ले २०२९ सालमा साझा पुरस्कार पाउन सफल भएको थियो । विसं २०२३ मा रत्नश्री स्वर्णपदक र २०३९ सालमा सर्वश्रेष्ठ पाठ्यपुस्तक लेखन पुरस्कार समेत पाएको थियो ।

निबन्धबाट लेखन यात्रा सुरु गरेका डा शर्माले विसं. २००८ सालमा थिओडर मेननको सम्पादनमा दार्जिलिङबाट निस्कने ‘साथी’ साप्ताहिक पत्रिकामा ‘इलाम’ शीर्षकमा निबन्ध छपाएका थिए । अध्ययनकै सिलसिलामा भारतको खर्साङ छँदा ‘आह्वान’ उनले हस्तलिखित पत्रिका निकाल्ने गरेका थिए । ‘हिमध्वनि’ पत्रिकाको सम्पादक समेत रहेर काम गरेका उनका प्रकाशितमध्येको अन्तिम कृति ‘चरी भरर’ निबन्ध सङ्ग्रह थियो ।

भारत रहँदा वास्तविक थर भण्डारी छोडेर शर्मा लेख्न थालेका थिए । बनारसमा पढ्दै गर्दा विसं. २०१३ मा बालकृष्ण पोखरेल, चुडामणि रेग्मी, कोषराज रेग्मी, बल्लभमणि दाहाललगायतसँग मिलेर झर्रोवादी अभियान थालेका थिए ।

त्यो अभियान यतिबेला पनि नेपाली साहित्यका क्षेत्रमा चर्चित रहेको र नौलो पाइलो नामक पत्रिका प्रकाशन सुरु गरेर झर्रोवादबारे विभिन्न पत्रिकामा लेख समेत लेखेका थिए । उनका अभियानलाई नेपाली भाषा र साहित्य लेखन क्षेत्रका धेरैले साथ दिएका थिए । उनले एकताका शर्माको सट्टा सर्मा लेख्ने गदर्थे जुन झर्रोवादमा नै पर्ने उनको तर्क थियो । बनारसमा पढ्दा उनलाई आफ्नो थर ‘भण्डारी’ भारतीय जस्तो लागेर शर्मा लेख्न थालेको उनले बताए । थर फेरेर घर पुग्दा उनका बुबाले गुनासो गरेका गरेका थिए । एउटा पुस्तकमा ‘इदं पुस्तकम् प्रजापति शर्मणः’ लेखेको पत्ता लगाएपछि त्यसैको तर्कका आधारमा बुबाको चित्त बुझाएको पनि उनले बताए ।

तारानाथ विद्यार्थी छँदै विभिन्न पत्रिकामा लेख तथा समालोचना छापेका थिए । उनको पहिलो पुस्तक ‘नमस्ते’ निबन्ध संग्रह हो । रत्नपुस्तक भण्डारले विसं. २०१८ मा छापेको सो पुस्तक चर्चित पनि छ । दोस्रो कृतिका रूपमा विसं. २०२१ मा ‘घोत्ल्याइहरू’ भन्ने समालोचना संग्रह निस्किएको थियो । उनको सम्पादनमा गोपालप्रसाद रिमालको ‘आमाको सपना’ कविता संग्रह, विसं. २०२० मा र गुरूप्रसाद मैनालीको ‘नासो’ कथा संग्रह, विसं. २०२१ मा प्रकाशन भएको थियो ।

भाषाशास्त्री बालकृष्ण पोखरेलले तारानाथको लेखलाई नियात्रा नामकरण गरिदिएका थिए । त्यसअघिसम्म नियात्रा शब्द प्रयोगमा थिएन भनिएको छ । बालकृष्णले रत्नश्रीमा विसं. २०२३ सालमा छापिएको तारानाथको ‘मेनाइ साँघुको मेला’ शीर्षक लेख पढेपछि ‘तिमीले नियात्रा लेखेछौ’ भनेका थिए । पछि, त्यही लेखसहितको ‘बेलाइततिर बरालिँदा’ निबन्ध संग्रहको भूमिकामा बालकृष्णले नियात्रा लेखिदिएको बताइएको छ ।

उनले भारत, चीन, जापान, बेलायत, अमेरिका, भूटान, पाकिस्तान, थाइल्यान्ड, लेबनान, टर्की, जर्मनी, इटाली लगायतका देशको भ्रमण गरेका थिए ।

लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम र लेखनाथ पौडेललाई देवतातूल्य मानमर्यादा गर्ने प्रज्ञाप्रतिष्ठानका आजीवन सदस्य डा शर्माको निधनले नेपाली वाङ्मयको क्षेत्रमा अपूरणीय क्षति पुगेको नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव प्रा जगतप्रसाद उपाध्यायले बताए । उनको अन्त्येष्टि मध्यान्ह १२ बजे पशुपति आर्यघाटमा गरिएको छ ।

# धेरै बोल्दा बिग्रियो, अब म केही बोल्दिनँ : अध्यक्ष नेपाल



**काठमाडौं ।** सत्ताधारी दलका गठबन्धनको बैठकअघि नै सिंहदरबारमा तीन दलका शीर्ष नेताबीच छलफल भएको थियो । बैठकमा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेकपा (एकीकृत समाजवादी पार्टी) का अध्यक्ष माधवकुमार नेपाल र जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र श्रेष्ठबीच छलफल भएको हो ।

सो छलफलका क्रममा अमेरिकी सहयोग परियोजना ‘मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुमोदनलगायतका विषयमा परामर्श भएको थियो । बैठकपछि माओवादी केन्द्रका अध्यक्ष दाहालले पाँच दलीय गठबन्धनलाई जोगाएर एमसिसीलगायतका विषयलाई निष्कर्षमा लैजानेबारे कुराकानी भएको जानकारी गराए । प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार साँझ बोलाइएको सत्तागठबन्धनको बैठकको तयारीका लागि आफूहरूले छलफल गरेको जानकारी दिए ।

‘हामी गठबन्धनलाई कसरी बचाउने र एमसीसीबारे कसरी निकास दिने भन्नेमा नै केन्द्रीत छौं’ अध्यक्ष दाहालको भनाइ थियो । उनले पाँच दलको बैठकमा छलफल गरेर एउटा निष्कर्ष निकाल्नेमा नै जोड रहेको बताए । अध्यक्ष दाहालले आफूहरू गठबन्धनलाई जोगाएर अन्य विषयमा सहमति गरौं भन्ने मनसायमा रहेको जिकिर गरे ।

बैठकपछि सञ्चारकर्मीको जिज्ञासामा मेटाउँदै एकीकृत समाजवादीका अध्यक्ष नेपालले नेताहरूले धेरै बोलेर कुरा बिग्रेको भन्दै आफूले अहिले केही नबोल्ने प्रतिक्रिया दिए ।

# सहिद स्मारक ‘ए’ डिभिजन लिगमा मच्छिन्द्र विजयी

**काठमाडौं ।** त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न शहीद स्मारक ‘ए’ डिभिजन लिग फुटबल प्रतियोगितामा दुई खेल अगावै मछिन्द्र फुटबल क्लबले उपाधि जितेको छ ।

खेलमा मछिन्द्रले सातदोबाटो युथ क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै उक्त प्रतियोगिताको उपाधि हात पारेको हो । मछिन्द्रले अब १२औं चरणको खेलमा थ्रीस्टार क्लब र अन्तिम खेलमा नेपाल एपिएफ फुटबल क्लबसँग खेल्न बाँकी छ । यी दुवै खेलमा हार व्यहोरेको पनि दोस्रो स्थानको टोलीले मछिन्द्रलाई भेट्न्ने छैन ।

अंक तालिकाको शीर्ष स्थानमा रहेको मछिन्द्रले ११ खेलमा २९ अंक जोडेको छ । मछिन्द्र दोस्रो स्थानमा रहेको मनाङ मर्स्याङ्दी क्लबभन्दा ९ अंकले अघि रहेको छ । १० खेल खेलेको मनाङको २० अंक रहेको छ । मनाङले अब तीनै खेल जिते पनि ‘हेड टू हेड’का आधरमा मछिन्द्र नै अगाडि हुनेछ ।

त्यस्तै मछिन्द्रले ११ खेलमा ९ जीत र २ बराबरीको नतिजा निकालेको छ । मछिन्द्रले लगातार दोस्रो पटक उपाधि जितेको हो । मछिन्द्रको जीतमा अजरबैजानका खेलाडी नुर्लान नोभ्रोजोभ नायक बने । उनले खेलको ५३औं मिनेटमा गरेको एक गोल नै मछिन्द्रका लागि निर्णायक गोल साबित बन्यो । सुनिल बलको क्रसमा देवेन्द्र तामाङको हेडलाई सातदोबाटोका गोलकिपर अविशेक बरालले बचाए पनि क्रसबारमा लाग्दै फर्किएको बलमा नोर्लानले गोल गर्न सफल भए ।

‘पूर्खाको पौरख, पनौतीको गौरव : १२ वर्षे मकर मेला हामी सबैको वैभव’

‘घुम्न जाऔं पनौती यही माघैमा, भरौं मकर कमाऊँ पुण्य हाम्रो साथैमा’

स्तरीय, सुरक्षित बसाइमा होमस्टे, होटल, रिसोर्ट/यात्राका लागि सार्वजनिक बस सेवा,

राजधानी काठमाडौंबाट मात्र ३२ कि.मी. दक्षिण-पूर्व पनौतीको पवित्र त्रिवेणी घाटमा

१२ वर्षे मकर मेलामा सहभागी बनौं ।

पनौती नगरपालिका

मकर मेला मूल व्यवस्थापन समितिको सचिवाल

## २७औं...

बढ्न सबै क्रान्तिकारी शक्तिलाई आह्वान गर्दै अध्यक्ष प्रचण्डले राजनीतिक सङ्कटको भुमरीमा देशलाई लैजान खोज्ने प्रवृत्तिका विरुद्ध उभिन आग्रह गरे। जनताको सचेत पहलका साथ गतवर्ष प्रतिगमनलाई परास्त गरेको स्पष्ट खुलस्त पार्दै यतिबेला प्रतिगमन विरोधी गठबन्धनलाई टुटाउने प्रयास भइरहेको आशंका व्यक्त गरे। अध्यक्ष प्रचण्डले संविधानको रक्षा, राष्ट्रियताको सम्वर्द्धन गर्ने लक्ष्यका साथ सुरु भएको सहकार्य अझै अगाडि बढ्ने विश्वास व्यक्त गरे।

पाँच दलीय गठबन्धन कुनै परियोजना वा त्यससँग भएको सहमतिका आधारमा नबनाएको उल्लेख गर्दै राष्ट्रियताको सम्बर्द्धन, लोकतन्त्रको रक्षाका लागि प्रतिबद्ध हुनु नै देश र जनताको हितमा हुने स्पष्ट गर्दै उनले खास परियोजना गर्ने वा नगर्ने भन्ने आधारमा गठबन्धनको भाग्य र भविष्यका बारेमा कोही कसैले सोच्छ भने त्यो देश र जनताका लागि समेत राम्रो नहुने उल्लेख गरे।

यस्तै अर्को प्रसङ्गमा अध्यक्ष दाहालले सङ्घीय संसदअन्तर्गत प्रतिनिधिसभाको बैठक आफूले सार्न लगाएको भनेर गलत प्रचार गरिएको भन्दै गलत मनसायका साथ गलत प्रचार भएको भन्दै दुःख व्यक्त गरे। उनले सबै क्रान्तिकारी बामपन्थी शक्ति, माओवादी घटक तथा देशभक्त सबैलाई एकता, सहकार्यको मार्गमा अग्रसर हुन आह्वान पनि गरे।

सम्पूर्ण क्रान्तिकारीहरूलाई एकताबद्ध हुन अध्यक्ष दाहालको आह्वान

जनयुद्ध दिवसको अवसरमा पूर्वप्रधानमन्त्री अध्यक्ष दाहालले संविधानसभामार्फत नयाँ संविधान निर्माण हुनु र संविधानले मुलुकलाई सङ्घीय गणतन्त्रात्मक शासन प्रणालीमा ल्याउनु जनयुद्धकै योगदान भएको दोहोऱ्याए। धर्मनिरपेक्ष, समावेशी तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनु पनि जनयुद्धकै योगदान भएको कुरामा दुई मत हुनै नसक्ने स्पष्ट पार्दै अध्यक्ष दाहालले २७औं जनयुद्ध दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली जनसुमदायलाई शुभकामना व्यक्त गरे।

माओवादी जनयुद्धमा सहभागी भएका र माओवादी पहिचान बनेका विभाजित माओवादी नेता तथा कार्यकर्ता तथा शान्ति र संविधानको बाटोमा सहकार्य गर्दै आएका सम्पूर्ण शक्तिमा जनयुद्धका उपलब्धि एवं सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र शान्ति सम्झौताको मर्म र भावनाअनुसार अगाडि बढ्न विशेष अनुरोध गरेको उनले पार्टीका सम्पूर्ण नेता तथा कार्यकर्ता र शुभेच्छुक/शुभचिन्तक आम जनसमुदायलाई एकताबद्ध भएर सबै खाले षड्यन्त्रलाई परास्त गर्नका लागि अगाडि बढ्न अपिल गरे।

'देशी-विदेशी प्रतिक्रियावादी शक्ति जनताको बलिदानबाट प्राप्त परिवर्तनलाई उल्ट्याउन र परिवर्तनको नेतृत्व नेता र पार्टीलाई बदनाम गर्न अहिले पनि लागिरहेका छन्' अध्यक्ष दाहालको शुभ-कामना सन्देशमा भनिएको छ- 'छरिएर रहेका माओवादी घटकलाई देशको अगाडि आइपरेको समस्यालाई आत्मसात गर्दै एकताबद्ध हुन आग्रह गर्दछु। परिवर्तनका लागि लडेका शक्ति एक भए वर्तमान परिवर्तनलाई अझै सुदृढ र समृद्ध गर्न सकिने विश्वास व्यक्त गर्दछु।'

नेपाली राजनीतिक र सामाजिक परिवर्तनको इतिहासमा पनि मुक्तियुद्धका रूपमा स्थापित भइसकेको र जनयुद्धको जगमा सम्पन्न भएको २०६२/६३ को संयुक्त जनआन्दोलनपछि मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको स्मरण गर्दै अध्यक्ष दाहालले दिवसको मनाउनुको सबैभन्दा ठूलो अर्थ, महत्व र औचित्य परिवर्नतकारी क्रान्तिकारी शक्तिबीचको एकता भएको विश्वाससहित पुनः एक पटक देशभित्र र बाहिर रहेका सम्पूर्ण कम्युनिस्ट क्रान्तिकारी र श्रमजीवी नेपाली जनसमुदायमा बधाई र शुभ-कामना व्यक्त गरे।


**तेजाब वा अन्य घातक रासायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा बिक्री-वितरण गर्नु दण्डनीय अपराध हो।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## चोलेन्द्रलाई...

मूल्यमान्यताअनुसार सञ्चालन गर्न नसकेकाले आफूहरूले महाअभियोग प्रस्ताव ल्याउनु परेको गुरुङको भनाइ थियो। उनले पदीय कर्तव्यपालना नगरेको र आचारसंहिताको गम्भीर उल्लंघन गरेकाले नेपालको संविधानको धारा १०१ को उपधारा २ तथा महाअभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ को दफा ३ को उपदफा १ र २ बमोजिम प्रस्ताव दर्ता भएको हो। त्यसका अलावा प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ बमोजिम प्रस्ताव दर्ता भएको उनले जानकारी दिए। प्रतिनिधिसभामा तत्काल कायम रहेका एक चौथाईभन्दा बढी सदस्यले महाअभियोग प्रस्ताव पेश गरेका हुन्।

कूल ६८ जना सांसदले प्रस्ताव दर्ता गर्नसक्ने भए पनि ९८ जना सांसदले हस्ताक्षर गरेको उनले जानकारी दिए। कानुनी व्यवस्थाअनुसार अब उक्त प्रस्ताव सदनमा टेबुल हुने र एघार सदस्यीय छानबिन समिति गठन हुनेछ। 'अब यो विषय संसदको पूर्ण बैठकको विषय बन्छ' उनले भने।

नेपालको संविधानको धारा, १०१ को उपधारा (२) बमोजिम महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लङ्घन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको पालन इमानदारीपूर्वक नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधिसभाका कम्तीमा तीनजना सदस्यले प्रमाणित गरी पेस गरेमा धारा, १०१ को उपधारा, (३) बमोजिमको समितिले त्यस्तो उजुरीमाथि संघीय कानुनबमोजिम छानबिन गरी महाभियोगसम्बन्धी कारबाहीका लागि प्रतिनिधिसभा समक्ष सिफारिस गरेमा महाभियोगको प्रस्ताव पेस हुनसक्छ।

चोलेन्द्रविरुद्ध संसदमा महाअभियोग प्रस्ताव दर्ता भएपछि विकसित राजनीतिक घटनाक्रमका विषयमा छलफल गर्न सभामुख अग्निप्रसाद सापकोटले सोमबार दुई बजेका लागि सर्वदलीय बैठक बोलाएका थिए।

प्रधानन्यायाधीश जबराविरुद्ध सत्तारूढ दलका सांसदहरूले सिंहदरबारस्थित संसद सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता गएका थिए। प्रधानन्यायाधीश राणालाई कार्यक्षमता नभएको अभियोग प्रस्तावमा लगाइएको छ।

सो महाअभियोगको प्रस्तावक नेकपा (माओवादी केन्द्र)का देवप्रसाद गुरुङ, नेपाली कांग्रेसका डा पुष्पा भुसाल र नेकपा (एकीकृत समाजवादी)का जीवनराम श्रेष्ठ र समर्थकमा नेपाली कांग्रेसका डा मीनेन्द्र रिजालसहित ९५ सांसद रहेको सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले बताए।

## समाजवाद नै...

संकटको सार के के मिलेर बनेका छन् भनेर बताउन सक्छु। यो व्यक्ति र समाजबीचको सम्बन्धसँग सम्बन्धित छ। व्यक्ति समाजमाथि आफ्नो निर्भरताबारे पहिलेभन्दा धेरै सचेत बनेको छ। तर यो निर्भरतालाई ऊ सकारात्मक गुण (asset) मौलिक सम्बन्ध, रक्षात्मक शक्ति ठान्दैन, बरु यसको विपरित उसको प्राकृतिक अधिकार वा उसको आर्थिक अस्तित्त्वमाथिको खतरा ठान्दछ। यसका अतिरिक्त समाजमा उसको अवस्था यस्तो हुन्छ कि उसको आफूलाई सर्वोपरी ठान्ने प्रवृतिलाई निरन्तर आकर्षित गरिरहन्छ, जब कि उसका प्राकृतिक रूपले नै कमजोर सामाजिक प्रेरणाहरू लगातार ह्रास हुँदै जान्छन्। समाजमा जस्तोसुकै हैसियत भए पनि सबै व्यक्तिहरू यो ह्रासको प्रक्रियाबाट पीडित छन्। नजानिँदो किसिमले स्वयमको बखान गर्ने प्रवृतिको बन्दी बनेका उनीहरू आफूलाई असुरक्षित, एक्लो र जीवनका सोझा, सरल र अपरिष्कृत आनन्द भोग्नबाट वञ्चित भएको ठान्दछन्। छोटो र विकट भए तापनि जीवनको अर्थ व्यक्तिले समाजप्रति समर्पित भएर मात्र प्राप्त गर्न सक्छ।

मेरो विचारमा आजको पुँजीवादी समाजमा विद्यमान आर्थिक अराजकता नै सबै खराबीको जड हो। हामी आफ्नो अगाडि उत्पादकहरूको विशाल समुदाय देख्छौं जसका सदस्यहरू एकअर्कालाई उनीहरूकै सामुहिक श्रमको फलबाट वञ्चित गर्न जोडतोडले लागिरहेका छन्। कुनै जोर-जबरजस्तीले होइन कानुनी रूपमा स्थापित नियमहरूलाई आज्ञाकारी भई पालना गरेर। यस सन्दर्भमा उत्पादनका साधन अर्थात उपभोग्य वस्तुहरू र थप पुँजीगत वस्तुहरू उत्पादनका लागि आवश्यक सम्पूर्ण उत्पादन क्षमताको ठूलो हिस्सा कानुनी रूपमै व्यक्तिका निजी सम्पत्ति छन्।

सजिलोका लागि अबको छलफलमा म उत्पादनको साधनहरूमा कुनै हिस्सा नभएका सबैलाई 'श्रमिक' भन्नेछु, यद्यपी उक्त शब्दको प्रचलित प्रयोगसँग यो मेल खाँदैन। उत्पादनका साधनहरूको मालिक श्रमिकहरूको श्रमशक्ति खरिद गर्नसक्ने हैसियतमा हुन्छ। उत्पादनका साधनहरू प्रयोग गरेर श्रमिकहरूले नयाँ वस्तुहरू उत्पादन गर्छन् जो पुँजीपतिहरूको सम्पत्ति बन्न पुग्छन्। यस प्रक्रियामा आवश्यक बुँदा भनेको दुवै वास्तविक मूल्यमा मापन गरिने श्रमिकले उत्पादन गर्ने वस्तु र उसले पाउने ज्याला बिचको सम्बन्ध हो। श्रम करार 'नियमरहित' हुनसक्ने अवस्था रहेसम्म श्रमिकले कति पाउँछ भनेर वस्तुको वास्तविक मूल्यले होइन बरु श्रमिकको न्यूनतम आवश्यकता र कामका लागि प्रतिस्पर्धा गरिरहेका श्रमिकहरूको संख्याका आधारमा पुँजीपतिको श्रमिक आवश्यकताले निर्धारण गर्छ। सिद्धान्ततः पनि श्रमिकले पाउने ज्याला उत्पादित वस्तुहरूको मूल्यले निर्धारण गर्दैन भनेर बुझ्न यहाँ जरुरी छ।

निजी वा व्यक्तिगत पुँजी सिमित व्यक्तिहरूको हातमा केन्द्रित छ। यसरी केन्द्रित हुनुमा केही हदसम्म पुँजीपतिहरूबीचको प्रतिस्पर्धा र केही हदसम्म प्राविधिक विकास तथा स-साना इकाइहरूको मूल्यमा ठूला इकाइहरूको निर्माणलाई प्रोत्साहित गर्ने बढ्दो श्रम विभाजनका कारण हुन्। यी विकासहरूको प्रतिफल स्वरूप सिमित निजी पुँजीको सानो समूहको हातमा अथाह शक्ति थुप्रिन्छ। जसको लोकतान्त्रिक ढंगबाट संगठित राजनीतिक समाजलाई पनि प्रभावकारी नियन्त्रण गर्न ज्यादै कठिन हुन्छ। यो सत्य हो किनभने व्यवस्थापिका सांसदहरू यिनै निजी पुँजीपतिहरूद्वारा लगानी गरिएका वा अन्य कुनै कारणले प्रभावित राजनीतिक पार्टीहरूद्वारा चुनिन्छन्, जसले व्यवहारिक उद्देश्य पूर्तिका लागि मतदाताहरू र व्यवस्थापिकालाई छुट्याएर राख्छन्। यसको नतिजा के हुन्छ भने जनप्रतिनिधिहरूले जनसंख्याको सुविधा वञ्चित हिस्साको हितको रक्षा गर्न सक्दैनन्। यसका अतिरिक्त विद्यमान अवस्थामा सूचनाका स्रोतहरू (प्रेस, रेडियो, शिक्षा) सबै निजी पुँजीपतिहरूको प्रत्यक्ष वा अप्रत्यक्ष स्वतः नियन्त्रणमा हुन्छन्। अतः एक नागरिकलाई वस्तुगत निष्कर्षमा पुग्न र आफ्ना राजनीतिक अधिकारहरूको चातुर्यताका साथ प्रयोग गर्न ज्यादै कठिन हुन्छ र धेरैजसो अवस्थाहरूमा त असम्भव नै हुन्छ।

यस आधारमा चित्रण गर्नसकिन्छः पहिलो, उत्पादनका साधनमाथि (पुँजी) निजी स्वामित्व हुन्छ र मालिकले आफ्नो तजविजमा त्यसको उपयोग गर्छ। दोस्रो, श्रम करार नियमरहित हुन्छ। यस अर्थमा पवित्र पुँजीवादी समाज भन्ने हुँदैन। यहाँ उल्लेख्य के छ भने श्रमिकहरूले लामो र कठिन राजनीतिक संघर्षबाट केही निश्चित श्रेणी या वर्गका श्रमिकहरूका निम्ति केही हदसम्म सुधारिएको 'नियमरहित श्रम करार' (free labour contract) प्राप्त गर्न सफल भए। तर समुच्च अवस्थालाई हेर्दा आजको अर्थतन्त्र 'पवित्र' पुँजीवादभन्दा खासै फरक छैन।

सामाजिक चेत लाचार बन्छ

उत्पादन उपभोगको लागि होइन नाफाको लागि गरिन्छ। कामको खोजीमा रहेका सबैले रोजगारी पाउनेछन् भन्ने त्यस्तो कुनै प्रावधान छैन। 'बेरोजगारहरूको फौज' सदा नै विद्यमान हुन्छ। श्रमिक जहिले पनि कामबाट हटाइने त्रासमा रहन्छ। बेरोजगार र न्यून ज्याला पाउने श्रमिकहरूले नाफामूलक बजार तयार गर्न नसक्ने हुनाले उपभोग्य वस्तुहरूको उत्पादन सिमित गरिन्छ जसको नतिजा ठूलो कठिनाइ हुन्छ। प्रविधिमा भएको प्रगतिले सबैको कामको बोझ हलुका बनाउनुको साटो थप बेरोजगारी निम्त्याउँछ। नाफा कमाउने प्रवृत्ति र पुँजीपतिहरू बीचको प्रतिस्पर्धाको संयोगको कारण पुँजी संग्रह र उपभोगमा असन्तुलन पैदा गर्नमा जिम्मेवार हुन्छ जसले बढ्दो उग्र मन्दी निम्त्याउँछ। असिमित प्रतिस्पर्धाले धेरै श्रम खेर जान्छ र मैले अगाडि भनेको व्यक्तिको सामाजिक चेत लाचार बन्छ।

मेरो विचारमा व्यक्तिहरूलाई लाचार बनाउनु पुँजीवादको सबैभन्दा ठूलो खराबी हो। हाम्रो सिङ्गो शिक्षा व्यवस्था यो खराबीबाट ग्रसित छ। भविष्यको क्यारियर लागि संग्रह गरिने सफलताको पुजा गर्ने तालिम प्राप्त विद्यार्थीहरूमा अतिशयोक्तिपूर्ण प्रतिस्पर्धाको भावना भरिन्छ।

मेरो निर्क्योलमा यी सबै गम्भीर खराबीहरू निर्मूल गर्ने एउटै मात्र उपाय भनेको सामाजिक उत्तरदायित्व-लक्षित शिक्षा व्यवस्थासहितको समाजवादी अर्थतन्त्रको स्थापना हो। त्यस्तो अर्थतन्त्रमा उत्पादनका साधनहरूको मालिक स्वयम् समाज हुन्छ र तिनको उपयोग योजनाबद्ध ढंगबाट गरिन्छ। समुदायको आवश्यकताअनुसार उत्पादन गर्ने योजनाबद्ध अर्थतन्त्रले कामलाई काम गर्नसक्ने सबैमा बाँड्छ र सबै पुरुष, महिला र बालबालिकाहरूको जीविकाको ग्यारेन्टी गर्छ। व्यक्तिको शिक्षा र उसमा निहित नैसर्गिक क्षमताहरूको प्रवर्धन गरिनाले ऊभित्र शक्ति र सफलता किर्तिमय बनाउनुको साटो वर्तमान समाजमा आफू वरिपरिका व्यक्तिहरू प्रति जिम्मेवारीको भावना विकास गर्छ।

यति हुँदाहुँदै पनि योजनाबद्ध अर्थतन्त्र अझै समाजवाद होइन भन्ने कुराको हेक्का राख्न जरुरी छ। योजनाबद्ध अर्थतन्त्र पनि व्यक्तिको पूर्ण दासत्वसहित आउन सक्छ। समाजवादको उपलब्धिमा केही अत्यन्त कठिन सामाजिक-राजनीतिक समस्याहरूको समाधान हुनुपर्छ। जस्तो कि आर्थिक र राजनीतिक शक्तिको दुरगामी केन्द्रीकरणलाई दृष्टिगत गर्दा व्युरोक्रेसीलाई सर्वशक्तिमान र खञ्चुवा बन्नबाट कसरी रोक्न सकिन्छ ? व्यक्तिका अधिकारहरू सुरक्षित हुन्छन् र यसका साथै व्युरोक्रेसीको शक्तिको लोकतान्त्रिक समत्तोलक (counterweight) कसरी सुनिश्चित गर्न सकिन्छ ? यी कुरामा हेक्का राखिनु पर्छ।

हाम्रो संक्रमणकालीन युगमा समाजवादका लक्ष्य र समस्याहरू बारेको स्पष्टताले ठूलो महत्व राख्छ। वर्तमान परिवेशमा यी समस्याहरूमाथि स्वतन्त्र र अवरोधरहित छलफलले शक्तिशाली कठमुल्लाहरूको सामना गर्नुपरिरहेको छ। यस्तो अवस्थामा यस पत्रिकाको प्रारम्भ एक सार्वजनिक सेवा हो भन्ने म ठान्दछु।

(अल्बर्ट आइन्स्टाइन एक विश्व विख्यात भौतिकशास्त्री हुन्। यो लेख सर्वप्रथम मन्थ्ली रिभ्युको पहिलो अंक (मई १९४९)मा प्रकाशित भएको थियो। पछि १९८८ मा मन्थ्ली रिभ्युको ५०औं वर्षगाठको उपलक्ष्यमा पहिलो अंकको स्मरण स्वरूप पुनः प्रकाशित गरिएको थियो। नेपाल रिडर्सका लागि दामोदर उपाध्यायले अनुवाद गरेका हुन्।)

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं